# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
National Natural Resources and Fiscal Commission


मिति:२०८२।११।१५

प.सं.०८२/०८३
च.नं./Ref: ६०८

नेपाल संवत ११४६ चिल्लाथ्व एकादशी

श्री आर्थिक मामिला तथा योजना मन्त्रालय कोशी प्रदेश मोरङ्ग,विराटनगर।
श्री अर्थ मन्त्रालय मधेश प्रदेश,जनकपुरधाम।
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय बागमती प्रदेश हेटौडा,मकवानपुर।
श्री आर्थिक मामिला मन्त्रालय गण्डकी प्रदेश पोखरा,कास्की ।
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय लुम्बिनी प्रदेश देउखुरी,दाङ्ग।
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय कर्णाली प्रदेश विरेन्द्रनगर,सुर्खेत।
श्री आर्थिक मामिला मन्त्रालय सुदुरपश्चिम प्रदेश धनगढी,कैलाली ।

बिषयः कार्यसम्पादन मूल्याङ्कन सूचक परिमार्जन/संशोधनका लागि पृष्ठपोषण सम्बन्धमा।

उपरोक्त सम्बन्धमा आयोगले वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा स्थानीय तहको कार्यसम्पादनलाई समेत आधार मानि सिफारिस गर्ने गरेको व्यहोरा अवगत नै छ। कार्यसम्पादनमा आधारित मूल्याङ्कन गर्ने प्रयोजनको लागि प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन कार्यविधि, २०७८तर्जुमा गरी प्रदेश सरकारको हकमा ११ वटा सुचकहरु निर्धारण गरी मूल्याङ्कन गर्दै आइरहेको छ। उक्त सूचकहरुलाई अझ बढी बैज्ञानिक, व्यवहारिक,तथ्यपरक,मापनयोग्य र समय सापेक्ष बनाउन हाल कायम रहेका सूचकहरुको परिमार्जन, हेरफेर तथा थपघट गर्ने सन्दर्भमा तँहा मन्त्रालयबाट केही सुझाव तथा पृष्ठपोषण भएमा यसैसाथ संलग्न ढाँचामा विवरण तयार गरी यस आयोगको ईमेल ठेगाना (changeindicator@gmail.com) मा प्राप्त हुने गरी चैत्र ७ गते भित्र उपलब्ध गराईदिनुहुन आयोगको मिति २०८२/११/११को निर्णयानुसार अनुरोध छ ।

प्रमिला भण्डारी
शाखा अधिकृत


सिंहदरबार, काठमाडौं, नेपाल, फोन नं. +९७७-१-४२००५९२, फ्याक्स: +९७७-१-४२००५९३
Singha Durbar, Kathmandu, Nepal, Tel: +977-1-4200592, Fax: +977-1-4200593
E-mail : info@nnrfc.gov.np, Website : www.nnrfc.gov.np

## कार्यसम्पादन मूल्याङ्कन सूचक परिमार्जन गर्न प्रयोग हुने तीन महले फाराम

प्रदेश: मन्त्रालय:

१.विद्यमान सूचकमा गर्नुपर्ने सुधार :

| सू.न | विद्यमान सूचक | परिमार्जन गर्नुपर्ने विषय | परिमार्जन गर्नु पर्नाको कारण |
|---|---|---|---|
| १ | गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको अन्तिम लेखापरिक्षणबाट औल्याएको बेरुजुको अवस्था। | | |
| २ | प्रदेशले स्थानीय तहलाई प्रदेश कानुन बमोजिम आयोगले तोकेको आधार लागू गरि सशर्त अनुदान प्रदान गरे /नगरेको | | |
| ३ | सवारी साधन कर वापत बाँडफाड गरिने ४० प्रतिशत रकम प्रदेश सरकारले मासिकरुपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गरे /नगरेको । | | |
| ४ | प्रदेशको गत आर्थिक वर्षको विनियोजित रकम अनुसार खर्चको अवस्था ।<br><br>(क)कुल विनियोजित रकममा कुल खर्चको अवस्था।<br><br>(ख)कुल विनियोजित पुँजीगत रकममा कुल पुँजीगत रकमको खर्चको प्रतिशत: | | |
| ५ | प्रदेशले आफ्नो अधिकार क्षेत्रभित्रको रावश्व परिचाल गरेको अवस्था ।<br><br>(क)अनुमानित राजश्वको प्रक्षेपणको तुलनामा राजश्व सङ्कलनको अवस्था:<br><br>(ख) गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजश्व सङ्ककलनको तुलनामा गत आर्थिक वर्षको राजश्व सङ्कलनको अवस्था: | | |
| ६ | प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानको अनुमानित विवरण स्थानीय तहलाई चैत्र मसान्तभित्र उपलब्ध गराएको/नगराएको । | | |
| ७ | प्रदेशले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण चालु आर्थिक वर्षको पुस मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पेश गरे नगरेको | | |
| ८ | प्रदेशले आफ्नो बजेट कार्यान्वयनको वार्षिक समीक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेको । | | |
| ९ | प्रदेश तहको वायु गुणस्तर सूचकाङ्क (Air quality Index) I | | |

| | | | |
|---|---|---|---|
| १० | प्रदेश तहमा व्यवस्थित वनले ढाकेको क्षेत्रफलमा भएको वृद्धि प्रतिशत। | | |
| ११ | आयोगले कार्यसम्पादन सूचकका सम्बन्धमा तयार गरी प्रयोगमा ल्याएको विद्युतीय अनलाईन पोर्टल (online portal)मा कार्यसम्पादन सूचकसम्बन्धी विवरण तोकिएको अवधिमा प्रविष्ट (Upload) गरे/ नगरेको । | | |

२. विद्यमान सूचकको अतिरिक्त थप गर्नुपर्ने सूचकहरु:

| क.स | थप गर्नुपर्ने सूचक | सूचक थप गर्नुपर्नाका कारण |
|---|---|---|
| | | |

३.विद्यमान सूचकहरु मध्ये हटाउन उपर्युक्त हुने सूचकहरु:

| क.स | हटाउन उपर्युक्त हुने सूचक | हटाउनु पर्नका कारण |
|---|---|---|
| | | |

४. अन्य केही सुझाव तथा पृष्ठपोषण भएमा उल्लेख गर्ने ।